# भक्तपुरमा मनाइने साँपारूमा ताहाःसाँको सांस्कृतिक महत्व

राजेश गाईजू[१]


**लेखसार**

*काठमाडौँ उपत्यकाका नेवाः समुदायको सांस्कृतिक क्रियाकलाप प्राचीन तथा मध्यकालीन समय खण्डको झलक दिने तवरको छ, जसले नेवाः समुदायलाई सांस्कृतिक जीवन्तता प्रदान गर्न मद्दत पुगेको छ । भक्तपुर, कान्तिपुर र ललितपुरको नेवाः सभ्यता वर्तमानसम्म पनि वर्षभरि नै परापूर्वबाट अनुगृहीत सांस्कृतिक तथा सामाजिक जात्रा पर्व, चाड तथा धार्मिक क्रियाकलापहरू सञ्चालन हुँदै आइरहेको छ । काठमाडौँ तथा ललितपुर र मोफसलका क्षेत्रहरूमा गैर नेवाः समुदायको प्रभाव केही मात्रामा देखिएका कारण स्थानीय जात्रा बाहेक अन्य जात्रा पर्वहरू सामान्य तरिकाले सञ्चालन गर्न थालिएको छ । यसको आर्थिक, दक्ष जनशक्ति, समय जस्ता अन्य कारण पनि छन् । यद्यपि नेवाः समुदाय र केही स्थानमा गैर नेवाः समुदायको सहयोगले पनि बर्सेनि जात्रा-पर्व सञ्चालन गर्दै आइरहेको उदाहरण छन् । नेपालका विभिन्न स्थान र उक्त भेकका सम्पूर्ण समुदायको सक्रिय सहभागितामा सञ्चालन गरिने महत्वपूर्ण जात्राहरू मध्ये एक 'सापारू' वा 'सायात' जात्रा हो, जसलाई नेपालीकरण गर्दा 'गाईजात्रा' भनेर नेपाली समाजमा प्रचलित छ ।*

*नेवाः समुदायमा सापारूमा मृतकको सम्झना स्वरूप 'साँचा' अथवा 'ताहाःसाँ' (नेपाली समाजमा 'गाई' भनेर चिनिने) निर्माण गरेर मुख्य सहर परिक्रमा गरिने प्रचलन रहेको छ । ताहाःसाँको सांस्कृतिक महत्व के छ ? ताहाःसाँको धार्मिक तथा पौराणिक अर्थ के हो ? जनप्रचलनमा ताहाःसाँको व्यवस्था केको लागि हो ? ताहाःसाँ तथा सापारू शब्दलाई नेपालीकरण गर्दा कतिको सही वा गलत अर्थ निस्केको छ ? यी प्रश्नहरूको उत्तर विचाराधीन नै रहेको छ । सापारू र गाईजात्रा भनेर सम्बोधन गरिने जात्राको पौराणिक तथ्य के हो त ? र नेवाः र गैर नेवाः समुदायले कतिको बुझेको छ भन्ने मूलभूत प्रश्न पनि उब्जिएको छ । किनकि नेपाल-भाषाको शब्द 'साँ' ले गाई मात्र जनाउँदैन, साँढेलाई पनि जनाउँछ । तसर्थ 'सापारू' शब्दले 'गाईजात्रा' नै जनाउँछ त ? सापारूमा निकाल्ने 'ताहाःसाँ' लाई 'गाई' नै मान्न सकिने सङ्केतात्मक सांस्कृतिक क्रियाकलाप के रहेको छ भन्ने तथ्यको खोज यस अध्ययनद्धारा गरिएको छ । यस अध्ययन सम्पन्न गर्नको लागि गुणात्मक अध्ययन विधि चयन गरिएको छ । यस अध्ययनको लागि स्रोतको रूपमा प्रत्यक्ष अवलोकन, फोटोग्राफ, व्यक्तिगत अन्तरवार्ता, विभिन्न लेख तथा प्रकाशित पुस्तकहरू समावेश गरी तथ्यहरू सङ्कलन गरिएको छ । प्राप्त भएका सूचना तथा तथ्यहरूलाई वर्णनात्मक विधिद्धारा विश्लेषण गरी निष्कर्षमा पुगेको छ ।*


**शब्दकुञ्जी :** सापारू, गाईजात्रा, ताहाःसाँ, द्वसाँ, मासाँ, ताहामचा

## परिचय

नेवाः समुदाय नेपालभरिमा विभिन्न स्थान भेकमा छरिएर रहेका छन् । विभिन्न कालखण्डमा विभिन्न कारणवश देशभरी छरिएर रहेका केही नेवाः समुदायले तत् स्थानको संस्कृति ग्रहण गरिएको पाइन्छ भने छरिएर रहेका अधिकांश नेवाः समुदायले भने नेवाः संस्कृति अनुरूप नै जात्रा पर्व, कला, भाषा, खानपान इत्यादिलाई अघि बढाउँदै गरेको पाइन्छ तर तुलनात्मक रूपमा हेर्दा नेवाः समुदायले काठमाडौँ उपत्यकामा गरिने सांस्कृतिक क्रियाकलापहरु जस्तै मोफसलका नेवाः समुदायले भने सञ्चालन गर्न सकिरहेको पाइँदैन । यसका विभिन्न समुदायगत तथा प्राविधिक समस्याहरु हुन सक्दछन् तथापि, नेवाः समुदायले आफ्नो कला संस्कृति मार्फत देशभरि समुदायगत पहिचान दिलाउन महत्वपूर्ण भूमिका प्रदान गरिरहेको भने पक्कै छ । वर्तमान समयमा नेवाः समुदायले नेवाः संस्कृति नेपालमा मात्र नभएर विश्वका विभिन्न देशमा समेत खुल्ला रूपमा नै जात्रा पर्व मनाउने थालेको छन् । विश्वका विभिन्न भूभागमा प्रवासी नेवाः समुदायले नेवाः संस्कृतिको उत्थानमा अग्रगामी भूमिका खेलिरहेका छन् । यसले नेवाः संस्कृति, जात्रा-पर्व, संस्कारलाई अन्तर्राष्ट्रियकरण गर्न टेवा पुगेको छ ।

१. एमफिल, त्रिविवि । gaiju.bkt@gmail.com

प्राचीनकालदेखि नै नेवाः समुदायको मुख्य केन्द्रको रूपमा नेपाः मण्डल (काठमाडौँ उपत्यका) रहको छ र वर्तमान समयमा पनि अधिकतम नेवाः बस्ती काठमाडौँ उपत्यकाभित्र नै रहेको छ । तथापि गैर नेवाः समुदायको सङ्ख्या पनि बृद्धिस्तरमै छ । कलासंस्कृति, जात्रापर्वको अपनत्व र निरन्तरतालाई हेर्ने हो भने नेवाः समुदाय अग्रपङ्क्तिमै रहेका छन् । साथै यस प्रकारको जात्रा, पर्व, संस्कृतिमा मनग्य रूपमा गैर-नेवाः समुदायको पनि उपस्थिति हुन थालेका छन् । त्यसकारणले पनि नेवाः समुदायमा प्रचलित जात्रा, पर्व, संस्कृति इत्यादि नेवाः समुदायको मात्र नभएर नेपाली समुदायकै रहनुमा दुई मत नहोला । उदाहरणको लागि नेपालभरि मनाइने दसैँ, तिहार, पूर्णिमाहरू, चतुर्थीहरु, सापारू, विस्काः जात्रा, ल्होसार, इन्द्रजात्रा, सक्रांन्ति, वसन्तपञ्चमी, फागु, छठ लगायतका जात्रापर्वहरूमा सम्बन्धित समुदाय मात्र सहभागी हुने परम्परा वर्तमान समयमा रहेको पाइँदैन, बरू इच्छित व्यक्ति तथा समुदाय नै सक्रिय रूपमा सहभागी भएर जात्रा पर्व मनाउने गरिन्छ । एवंरितले काठमाडौँ उपत्यकाभित्र या बाहिर, नेवाः समुदायले मनाउँदै आएको जात्रा पर्वमा सबै गैर-नेवाः समुदायले पनि समान सहभागी भई मनाउन थालिएको छ ।

नेवाः समुदायद्वारा वर्षभरि सौर्यमास पात्रो वा चन्द्रमास पात्रो अनुसारका विभिन्न सांस्कृतिक जात्रा पर्व सञ्चालन गरी मनाउने गरिन्छ । जात्रा पर्व बाहेक पनि यी नै पात्रो अनुसार वर्षभरिमा गरिनु पर्ने घर गृहस्थीका व्यवहारहरु पनि सञ्चालन गर्ने गर्दछन् । उल्लेखित दुवै पात्रो अनुसार राष्ट्रिय तथा स्थानीय जात्रा पर्व सञ्चालन गर्ने परम्परालाई निरन्तरता प्रदान गर्दै आइरहको पाइन्छ । यद्यपि, चन्द्रमास पात्रो अर्थात नेपाल सम्वत्मा आधारित जात्रा तथा पर्वहरु अधिकतम रूपले नेवाः साथै नेपाली समाजमा मनाउने गरिएको छ । तसर्थ नेपाली जनजीवनमा नेपाल सम्वतको महत्व र त्यसको प्रयोग जानेर साथै अन्जानमा पनि प्रयोग गरिरहेको पाइन्छ । यसरी चन्द्रमास पात्रो अनुसार वर्षभरि मनाइने परम्पराहरूमध्ये एक महत्वपूर्ण र मनोरञ्जनात्मक जात्रा विशेष गरी नेवाः समुदायमा प्रचलित सापारू/ साँपारू/ सायात अर्थात गाईजात्रा (साँपारूको खसकरण शब्द) हो ।

## शोध समस्या

नेपाली परम्परामा सापारू वा गाईजात्रामा निर्माण गरिने ताहाःसाँको पौराणिक तथा सांस्कृतिक पक्ष के हो र सापारुमा मृतकको नाममा निर्माण गरिने 'ताहाःसाँ' गाई हो या साँढे हो भन्ने तथ्यको जानकारीमूलक अध्ययन सम्पन्न भएको पाईंदैन । पौराणिक ग्रन्थ अनुसार र मृतकको सम्भनामा सम्पन्न गरिने श्राद्ध परम्परा तथा अन्य क्रियाकलापहरूमा वृष उत्सर्ग र गाईदानको परम्पराबारे अध्ययनको कमी भएको देखिन्छ ।

## शोध उद्देश्य

प्रस्तुत अध्ययन सापारू वा गाईजात्रामा नगर परिक्रमा गराइने ताहाःसाँ बारे तथ्यहरु खोज गर्ने तथा मृत्यु पछि मृतकका नाममा पुराण तथा धार्मिक ग्रन्थहरूमा व्यवस्था भएअनुरूप धार्मिक तथा सांस्कृतिक क्रियाकलाप अन्तर्गत वृषोत्सर्ग कार्य सम्पन्न गर्नुको महत्व प्रस्तुत गर्नु र ताहाःसाँबारे सही तथ्य प्रस्तुत गर्न ताहाःसाँ सँग सम्बन्धित विभिन्न पक्षहरूको विविध अध्ययन गरी प्रस्तुत गर्नु नै यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ ।

## पूर्व साहित्य समिक्षा

कुनै पनि शोध अध्ययनको मुख्य उद्देश्य नयाँ तथ्यको उजागर गर्नु हो । साथै शोधले पुराना प्रतिपादित विचारलाई पनि पुनर्विचार गर्न र संशोधन सहितको तथ्यगत नूतन विचार प्रकाशमा ल्याउन मद्दत गर्दछ । यस शोध-लेखले भक्तपुरको नेवाः समाजमा प्रचलित साँपारूको दिन नगर परिक्रमा गराइने ताहाःसाँको मान्यता सम्बन्धी विभिन्न ग्रन्थ तथा व्यवहारिकताको आधारमा फरक मत प्रस्तुत गर्ने प्रयास रहको छ । साँपारूसँग सम्बन्धित पूर्व प्रकाशित अत्यधिक पुस्तक तथा लेखहरूमा ताहाःसाँलाई गाईकै रूपमा प्रस्तुत गरिएको छ, जसले काल्पनिक वैतरणी नदी पार गर्न सहयोग गरिन्छ । तर ताहाःसाँको निर्माण विधि र सम्बन्धित पुराणहरूले ताहाःसाँ गाई नभएको तथ्यको जानकारी दिएको पाइन्छ । तसर्थ यस शोध अध्ययनले साँपारूमा निर्माण हुने ताहाःसाँको विभिन्न पक्षको तथ्यगत अध्ययन गरिएको छ । यस अध्ययनको तथ्यगत विश्लेषणका लागि गोपालराज वंशावली, संक्षिप्त गरूड पुराण, मेसोकोजम, नेपालका चाडपर्व, हाम्रा सांस्कृतिक पर्व तथा जात्राहरु, नेवाः संस्कृति म्हासिक जस्ता ऐतिहासिक एवं सांस्कृतिक तथ्य सहितका पुस्तक तथा ग्रन्थहरूलाई यस अध्ययनको सहयोगी स्रोतको रूपमा लिएको छ, जसले शोधको निष्कर्षमा पुग्न महत्वपूर्ण सहयोग पुऱ्याएका छन् ।

## शोध विधि

प्रस्तुत अध्ययन नेवाः समाज साथै नेपाली समाजमा प्रसिद्ध र लोकप्रिय रूपमा प्रचलित साँपारुमा निर्माण गरिने ताहाःसाँ अथवा नेपाली बोलीचालीमा प्रचलित गाईको महत्व र उक्त ताहाःसाँ गाईकै प्रतीक या साँढेको प्रतीक हो त भन्ने प्रश्नको उत्तर खोज्ने प्रयास हो । यसअर्थ यो अध्ययन पूर्ण रूपले गुणात्मक अध्ययन तथा व्याख्यात्मक विधि अपनाई गरिएको सांस्कृतिक अध्ययन हो । अध्ययनको लागि आवश्यक तथ्याङ्कहरु सङ्कलन गर्न प्राथमिक स्रोतको रूपमा स्थलगत अवलोकन तथा अन्तरवार्ता विधि अपनाइएको छ । सापारूको दिन ताहाःसाँ निर्माण गरिएको स्थल तथा ताहाःसाँलाई नगरको प्रदक्षिणा पथ परिक्रमा गराइएको क्रियाकलापको अध्ययन भ्रमण तथा सम्बन्धित व्यक्तित्वहरूसँग महत्वपूर्ण अन्तरवार्ताबाट यस लेखका लागि तथ्याङ्क सङ्कलन गरिएको छ । लेख रचनाका लागि आवश्यक तथ्याङ्कहरु अन्तर्गत भने अधिकांश तथ्यहरु पुराण तथा अन्य पुस्तकहरु, लेख रचना तथा इन्टरनेटमा प्रकाशित लेखहरूलाई सङ्कलन गरी द्वितीयक स्रोत प्रयोग गरिएको छ । आवश्यक सामूहिक छलफल गरेर पनि तथ्याङ्कको खोज तथा प्राप्ति गरी अध्ययन

सम्पन्न गरिएको छ, तर यस खोजको उद्देश्य अनुरूप आवश्यक तथ्य प्राप्त हुन नसकेकोले, प्राप्त भएका आवश्यक र उद्देश्यपरक तथ्यहरूलाई विश्लेषण गरी वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ र त्यसकै आधारमा यस लेखको निष्कर्ष निर्माण गरिएको छ । यस अध्ययनको सन्दर्भ सामग्री सूची तथा प्रकाशित पुस्तक, लेख तथा स्रोत-सामग्रीहरु उध्दृत गर्न एपिए ७ औं संस्करण (ब्ए, ठतज भमष्तष्थल) को प्रयोग गरिएको छ ।

## अध्ययन क्षेत्र

ताहाःसाँ निर्माणको प्रचलन नेवाः परम्परामा मात्र रहेको देखिन्छ, त्यसमा पनि विशेषतः यो परम्परा भक्तपुरमा मात्र रहेको देखिन्छ । ताहाःसाँमा केन्द्रित भएर यस अध्ययन सम्पन्न गरिएको हुनाले यस शोधको अध्ययन क्षेत्रको रूपमा भक्तपुर नगरलाई नै केन्द्र बनाएर नेवाः परिवारमा मृतकको सम्फनामा निर्माण गरिने ताहाःसाँको सही तथ्य अध्ययन गरिएको छ । सापारू जात्रा भक्तपुर बाहेक काठमाडौँ र ललितपुर साथै मोफसलका केही नेवाः समुदायमा पनि मनाउने प्रचलन रहेको छ । तर ती स्थानहरु बाहेक भक्तपुरमा ताहाःसाँको निर्माण गरेर मनाउने सापारू जात्रा विधिमा भिन्नता र फरकपन पाउन सकिन्छ । तसर्थ, यस अध्ययनको अध्ययन-क्षेत्र भक्तपुर नगरपालिका मात्र रहेको छ । भक्तपुर नगर बाहेक अन्य क्षेत्रलाई यस अध्ययनमा अध्ययन-क्षेत्रको रूपमा समावेश गरिएको छैन ।

## साँपारू/ सायात

नेपाल सम्वत्को तिथि अनुसार भाद्र कृष्ण प्रतिपदाको दिन विगत एक वर्ष भरिमा दिवङ्गत भएका परिवारका सदस्यहरूको सम्फनामा र चिर शान्ति तथा आत्मा-मुक्ति प्राप्त गराउनका लागि गाई तथा बाँसको ताहाःसाँ (सामान्य जनमानसमा साङ्केतिक गाई मानिने) निर्माण गरी तथा साना बच्चालाई नगर परिक्रमा गराउने विधि विधान रहेको छ । यस जात्रालाई स्थानीय जनबोलीमा 'सापारू' अथवा 'साँपारू' भनिन्छ, भने नेपाली जनमानसमा गाईजात्रा भनी सम्बोधन गरिन्छ । नेवाः समुदायमा स्थानीय भाषाको 'साँ' ले गाई र साँढे दुबैलाई जनाउँछ भने 'पारू' शब्दले प्रतिपदाको विशेष दिन जनाउँछ । साँपारूको नेपाली रूपान्तरित जनबोलीमा रहेको शब्द ' गाईजात्रा' ले पनि गाई र साँढेसँग सम्बन्धित विशेष जात्रा मनाउने विशेष दिनकै सङ्केत गरेको छ । तसर्थ साँपारू जात्रा नेपाली समाजमा मध्यकालीन परम्पराकै निरन्तरता रहेको ऐतिहासिक तथा महत्वपूर्ण पर्व वा जात्राको रूपमा लिन सकिन्छ ।



*बाँसको संरचनामा निर्मित ताहासाँलाई बाजा र नाच सहित नगर परिक्रमा गराउँदै । फोटो स्रोतः अनलाइन सामग्री*

यो जात्रा मृतकको लागि गरिनुपर्ने संस्कारसँग सम्बन्धित रहेको छ । सापारूको दिन धर्मशास्त्रमा वर्णित विधान बमोजिम गोयात्रा ठिक-ठिक सञ्चालन गरिएमा मृतक व्यक्ति गाईको पुच्छर समाती वैतरणी नदी पार भई मोक्ष प्राप्त हुने गर्दछ (जोशी, २०६०, पृ. ८४) । नेवाः परम्परामा मृतक आत्मालाई चिर शान्ति प्रदान गर्न सापारूको दिन मृतक परिवारको हरेक घरबाट ताहाःसाँ अनिवार्य रूपमा नगर परिक्रमाको लागि निकाल्नै पर्दछ । यस दिन मृतकको सम्फनामा ताहाःसाँलाई देश परिक्रमा गराउँदा मृतक आत्माको लागि स्वर्गको द्वार खुल्ला भई स्वर्गमा आरामले बस्न पाउँछ भन्ने जनमानसमा विश्वास रहेको छ (मुनंकर्मी, २०४३, पृ. ३२) । ताहाःसाँ वा ताहाःसाँको प्रतीकको रूपमा कुनै क्रियाकलाप साँपारूको दिन मृतक गुमाएको परिवार र फुकी (आफन्तहरु) हरु मिलेर अनिवार्य यो संस्कार सम्पन्न गरिन्छ, जसलाई नेवाः समुदायमा 'सी तरे यागु' भनिन्छ । यदि यो कार्य नगरिए मृतक प्रेतको रूपमा यसै संसारमा भौँतारिन्छ, र मुक्ति प्राप्त गर्न नसकिने हुन्छ (Levy, 1992, p. 445) ।

गाईजात्रा श्रावण शुक्ल पूर्णिमाको भोलिपल्ट भाद्र कृष्ण प्रतिपदाको दिन विशेष रूपमा मान्ने गरिन्छ । यस दिनमा दिवङ्गत भएका परिवारले 'साँचा' अर्थात ताहाःसाँको निर्माण गरी भक्तपुर नगर घुमाइन्छ, साथै आर्थिक सम्पन्नता भएका परिवारले वा टोल भरिका दिवङ्गत भएका परिवारहरु मिलेर परम्परागत नेवाःबाजाहरूका साथ घिन्ताङगीसी अर्थात लट्ठी जुधाएर विशेष परम्परागत साङ्गीतिक तालमा नाच नाचेर नगर घुम्ने सांस्कृतिक क्रियाकलाप पनि गरिन्छ । तर, भक्तपुर बाहेक काठमाडौँ उपत्यकाका काठमाडौँ र ललितपुर सहित विभिन्न स्थानमा साँपारू मनाउने प्रचलन भने फरक फरक रहेको छ । भक्तपुरमा श्रावण शुक्ल प्रतिपदादेखि प्रारम्भ हुने साँपारू भाद्र कृष्ण जन्माष्टमीसम्म विभिन्न सामाजिक, सांस्कृतिक तथा धार्मिक नाचगान, ख्याल, नाटक, साङ्गीतिक प्रस्तुतिहरु भक्तपुरका विभिन्न स्थान र टोल-टोलमा प्रस्तुत गरी मनाउने गर्दछ । स्थानीय जनमानसमा श्रावण शुक्ल प्रतिपदादेखि भाद्र कृष्ण जन्माष्टमीसम्मको दिनहरूलाई नै समग्रमा साँपारू वा गाईजात्रा भनेर सम्बोधन गरिने प्रचलन रहेको छ । तर, यस क्रममा मृतकका नाममा मृतक परिवारबाट ताहाःसाँ निकालेर घुमाउने दिन भने श्रावण शुक्ल प्रतिपदाको दिन मात्र हुने गर्दछ । यसै श्रावण

शुक्ल प्रतिपदाको दिनमा मात्र महिला पुरूष छुटिने लुगाकपडा र गरगहना सहित विभिन्न आकार प्रकारका ताहाःसाँ निर्माण गरी भक्तपुर नगर परिक्रमा गराउने गरिन्छ ।

साँपारूमा ताहाःसाँको निर्माण गर्दा मृतकको उमेर र व्यक्तिको जीवनमा गर्नुपर्ने जीवन-संस्कार सम्पन्न भए नभएको आधारमा निर्माण गरिने प्रचलन पनि रहको छ । उमेर पुगेका अर्थात चुडाकर्म संस्कार (व्रतबन्ध) सम्पन्न गरिएका पुरुष र बाह्रा (गुफा) संस्कार सम्पन्न गरिएका महिलाको ताहाःसाँ/साँचा निर्माण गर्दा चार वटा लामो बाँसको चार खुट्टे र माथितिर चारवटै बाँसलाई एकै ठाउँमा बाँधेर एक विशेष चार खुट्टे आकार निर्माण गरिन्छ, कपडाको प्रयोगको लागि पुरूषको हकमा किसानले कम्मर मुनि लाउने सेतो काँस्चा (एक प्रकारको हात बुन्ना कपडा) ले बेरेर निर्माण गरिन्छ र महिलाको हकमा सोही प्रकारको बाँसको संरचनामा हाकु पतासि (नेवाः परम्परागत हात बुना सारी) र महिलाकै लागि लुगा बनाउने हात बुना कपडाले बेरेर निर्माण गरिएको हुन्छ । साथै महिला पुरुष दुबैको ताहाःसाँमा मृतकको तस्बिर, भगवानको तस्बिर, साँपाख्व अर्थात गौ प्रजातीको मुखाकृतिको परम्परागत हस्तलिखित चित्र, परालले निर्माण गरिएको सिङ, कमल फूलको कोपिला, कपालको रूपमा चमर, छाता अनिवार्य राखिएको हुन्छ भने, कुनै ताहाःसाँमा नेवाः समाजमा प्रचलनमा रहेको परम्परागत गरगहनाको पनि प्रयोग गरिएको हुन्छ । तर, उल्लेखित जीवन-संस्कार सम्पन्न नगरेका वा उमेर नपुगेका केटाकेटीको मृत्यु भएमा सामान्यतया डोकोमा कपडाले बेरेर गाईको मुखाकार भएको साँपा ख्वको छापा टाँसी परालको सिङ लगाएर साँचा बनाउने चलन रहेको छ, जुन एक जनाले मात्र बोकेर नगर परिक्रमा गर्ने गरिन्छ ।

सापारूका दिन मृतकका नाममा बाँस वा डोकोको ताहाःसाँ वा साँचा नै निर्माण गरी नगर परिक्रमा गराउनु पर्छ भन्ने अनिवार्यता छैन । पारिवारिक क्षमता अनुसार परिवारका सदस्यले इच्छाएको तौरतरिका अनुसार मृतकको सम्झनामा नगर परिक्रमा गर्न सकिन्छ । उदाहरणको लागि मृतक परिवारका सदस्यहरूमध्ये साना उमेरका बालिकालाई आकर्षक परम्परागत लुगाले सजाई ताउकोमा ध्वजा सहितको साँपा ख्व अर्थात गौ प्रजातीको मुखाकृति अङ्कित छापा लगाई कम्मरमा सेतो पटुका लगाइदिने गरिन्छ, जसको दुई टुप्पो भुईंमा छुने गरी लगाइन्छ र नगर परिक्रमा गरिन्छ । त्यस्तै बालक भए भगवान् शिवको रूप बनाई नगर परिक्रमा गराउने गरिन्छ । यसरी भगवानको रूपमा बालक-बालिकालाई नगर परिक्रमा गराउँदा भगवानलाई ओढाउने ठुलो छाता अनिवार्य ओढाएको हुन्छ र मृतकको तस्बिर पनि सँगै बोकेको हुन्छ । यसको क्रियाकलापको अर्थ केलाउँदा बालबालिका भगवान्कै रूपमा आई मृतकको आत्मालाई मुक्ति दिलाएको बुझ्न सकिन्छ । यस बाहेक पनि मृतक परिवारको तर्फबाट कुनै ताहाःसाँ वा साँचा (ताहाःसाँको सानो स्वरूप) को प्रतीकको बनावट प्रयोग नगरी कालो माटोबाट निर्मित द्वसाँ अर्थात वसाहा साँढेको निर्माण गरी भजन सहित उक्त मृन्मय निर्मित साँढेलाई नै नगर परिक्रमा गराइने प्रचलन पनि रहेको छ । कालो माटोबाट निर्मित साँढेलाई चार पाङ्ग्रे ठुलो गाडामा राखेर, त्यसको पछाडि विशेष गरी महिलाहरूले विभिन्न देवदेवी सम्बन्धित भजन गाउने गर्दछ ।



*माटोबाट निर्मित द्वसाँलाई गाडामा राखेर नगर परिक्रमा गर्दै ।*
*फोटो स्रोतः अनलाइन सामग्री*

सापारूलाई वर्षभरि मृत्यु भएका व्यक्तिहरूको मृत्यु-गणनाको रूपमा पनि लिइन्छ । ताहाःसाँमा रहेको पहिरन र आकारको आधारमा कति जना पुरूष, महिला, केटा, केटीहरूले ज्यान गुमाए वा मृत्यु भएको भनेर गणना गर्न सकिन्छ । ताहाःसाँ घुमाउने प्रदक्षिणापथ सापारूको दिन बिहान देखि बेलुकासम्म बसेर जात्रा आवलोकन गरे अघिल्लो वर्ष भरिमा मृत्यु भएका मृतकको तथ्याङ्क थाहा पाउन सकिन्छ ("गाईजात्राः इतिहास के छ ?", २०२१) । मध्यकालमा भक्तपुरको दरबारको दरबारीया मान्छे प्रदक्षिणापथ, जहाँ अनिवार्य ताहाःसाँ लानुपर्छ, मा बसेर ल्याईएका सबै ताहाःसाँ गनेर भक्तपुर भरीमा गतवर्षको सापारू र बर्तमान समयको सापारूको बिचमा कति महिला, पुरूष र बालबच्चाहरूको मृत्यु भयो भनेर तथ्याङ्क लिएर राजालाई पेस गर्ने गरिन्थ्यो (भिखथ, ज्ञढढद्द, उ। द्धद्धद्ध) । तसर्थ मध्यकालमा समेत सापारू जात्रामा ताहाःसाँको विशेष महत्व रहेको र गौ पूजा प्रथालाई विशेष स्थान दिइएको पाइन्छ ।

## सापारूको ऐतिहासिकता

नेपालमा साँपारू वा गाईजात्रा मध्यकालदेखि नै प्रचलनमा आएको प्रष्ट छ । तर यकिनका साथ यही समय वा कालखण्डबाट यस जात्राको सुरूवात भएको भनेर भन्न सकिने कुनै आधार छैन । नेपाली समुदायमा गाईजात्रा सम्बन्धी विभिन्न धारणाहरूमध्ये राजा जयप्रकाश मल्लले प्रचलनमा ल्याएको भन्ने चर्चा अलि बढी प्रचारमा रहेको छ । साथै, मध्यकालीन केही अभिलेख र साहित्यिक स्रोतहरूमा साँपारू जात्रासँग सम्बन्धित केही सन्धिवाक्यहरू भने उपलब्ध रहेका छन् । तर पुरातात्विक प्रमाणकै खोज गर्ने हो भने साँपारूको प्रचलन राजकुमार चक्रवर्तेन्द्र मल्लको मृत्युपछि उनको सम्झनामा राजा प्रताप मल्लले सुरु गरेको भन्ने तथ्य हालसम्म प्राप्त भएको छैन ।

प्राचीन नेपालको केही पुरातात्त्विक तथ्यहरु हेर्दा इतिहासकालदेखि नै नेपालमा गाई र साँढेको विशेष धार्मिक महत्व रहेको देखिन्छ । राजा अंशुवर्माको श्रयंशु मुद्रामा गाईले बाच्छोलाई दुधपान गराइरहेको चित्र अङ्कित रहेको छ, यस प्रमाणले समाजमा गौ प्रथाको अति

महत्व रहेको बुझ्न सकिन्छ । त्यस्तै काठमाडौँको पशुपतिनाथ मन्दिर तथा अन्य प्राचीन शैव मन्दिरहरूको प्राङ्गणमा पूर्वाभिमुख गरी नन्दिसाँढेको मूर्ति स्थापना गरिएको हुन्छ । उत्तरप्राचीनकालमा बढ्ता प्रचलनमा आएका 'पशुपति' मुद्रामा बायाँ फर्केको साँढे अङ्कित भएको पाईन्छ । यो मुद्रा पूर्वमध्यकालसम्म पनि प्रचलनमा आएको देखिन्छ । काठमाडौं, नक्साल नारायनचौर र भक्तपुर, नंखेलस्थित नान्दिकेश्वर महादेव मन्दिर लिच्छविकालका हुन् । लिच्छविकालीन प्रस्तर निर्मित नन्दीमूर्तिहरूरु मात्र नभएर बाच्छोलाई दूध चुसाइरहेको 'कामधेनु' गाईका मूर्तिहरु पनि प्राप्त भएका छन् । यी उल्लेखित उदाहरणबाट लिच्छविकालमा मानिसहरूले गाई र साँढेलाई धार्मिक महत्वका साथ स्थान दिइएको अवगत हुन्छ । गाई र साँढेलाई धार्मिक प्रोयोजन बाहेक 'गो युद्ध' गरी मनोरञ्जनात्मक जात्रा सम्पन्न गरिने विभिन्न लिच्छवी प्रस्तर अभिलेखहरूमा उल्लेख भएको छ । काठमाडौँ काठेसिम्भूको कोंबहालमा नाम र मिति पहिचान गर्न नसकिएको एक लिच्छवि अभिलेख छ, जसको अक्षर विशेषताले उक्त अभिलेख अंशुवर्माको पालाको हुन सक्ने मानिएको छ । उक्त अभिलेखमा खण्डित रूपमा '...... युद्धोत्सवमनुभूय....' उल्लेख आएको छ । उक्त अभिलेखमा 'युद्धोउत्सव' शब्दले यसको अग्र खण्डित भागमा 'गो' भएको र 'गोयुद्ध'लाई सङ्केत गरिएको बुझिन्छ, किनकि लिच्छविकालमा दक्षिणकोलिय ग्राममा धूमधामले गोयुद्धउत्सव मनाउने उल्लेख गरिएको छ । यसको उल्लेख थानकोटको भीमार्जुनदेव र जिष्णु गुप्तको संयुक्त अभिलेखमा पनि उल्लेख भएको छ (बज्राचार्य, २०३०, पृ. ३८०-३८१) । तसर्थ लिच्छविकालदेखि नै गाई, गोरू, साँढेलाई धार्मिक एवं सामाजिक रूपले महत्वका साथ अनुग्रह गरिएको यकिन हुन्छ । साथै ती जनावरहरूसँग सम्बन्धित जात्रा पर्व पनि चलाएको हुन सक्छ, तर यसको गहन अध्ययन हुन बाँकी नै छ ।

राजा जयस्थिति मल्लको समय, १४ औँ शताब्दीमा लेखिएको गोपालराज वंशावलीको पत्र ६१ 'ख' मा तत्कालीन समयमा मनाइने जात्रा पर्व र जात्रा सम्बन्धित क्रियाकलाप उल्लेख गर्ने क्रममा 'सायात कोह्नु' शब्द उल्लेख भएको छ (Vajracharya ७ Malla, 1985, p. 69) । उक्त उल्लेखित 'सायात' शब्दले गौ सम्बन्धित जात्रा नै जनाउँछ । नेवाः लवज परम्परामा 'सा' वा 'साँ' को अर्थ गाई र साँढे वा गोरू दुबैलाई जनाउँछ । तर लिङ्गपरक भएर नै भन्ने हो भने नेवाः जनबोलीमा गाईलाई 'मासाँ' र साँढे वा गोरूलाई 'द्वसाँ' भनिन्छ । यद्यपि दुबैलाई 'साँ' मात्र पनि सम्बोधन गरिने परम्परा रहेको छ । तर 'साँ' शब्दलाई नेपालीकरण गरी अर्थ लगाउँदा 'गाई' नै हो भनी एकोहोरो रूपमा प्रचार भएको देखिन्छ । अतः गोपालराज वंशावलीमा उल्लेखित शब्द सायात को शब्दबिग्रह गर्दा 'सा' को अर्थ गौ र 'या' को अर्थ जात्रा (राजवंशी, २०६५, पृ. ११३) वा 'यात' को अर्थ यात्रा भन्ने बुझिन्छ (पु। लो। श्रेष्ठ, व्यक्तिगत सञ्चार, असोज ५, २०८१) । सापारू शब्दको 'साँपा' लाई शब्द विग्रह गर्दा 'साँ' ले गौ जनाए 'पा' ले छाप वा मुकुण्डो जनाउँछ । साँपा अर्थात गौको अनुहार चित्र वा छाप भएको बस्तु सहित सहर घुम्ने जात्रा सापारू अथवा साया/ सायात हो (Levy, 1992, p.442) ।

नेपाली समाज र बौद्धिक जगतमा 'गाईजात्रा' भनेर चिनिने सापारू जात्राको प्रचलन मध्यकालीन कान्तिपुरका राजा प्रताप मल्ल (वि.सं. १६९८ -१७२८) ले आफ्नो छोरा चक्रवर्तेन्द्र मल्लको मृत्यु पश्चात् आफ्नो रानीलाई रिझाउन र जनताका छोराछोरीले पनि मृत्युवरण गर्छ भनेर देखाउन प्रचलनमा ल्याइएको कथन प्रचलनमा छ । तर गोपालराज वंशावलीकै प्रमाण हेर्ने हो भने १४ औँ शताब्दीमा उक्त वंशावली लेखिरहेकै समयमा 'साँयात' अर्थात गौ जात्रा प्रचलनमा आइसकेको बुझ्न सकिन्छ । साथै गोपालराज वंशावलीमा उल्लेख भएको 'साँयात' शब्दले साँपारूको प्रचलन यस वंशावली लेख्नुपूर्व नै प्रचलनमा आईसकेको पनि सङ्केत गर्दछ । गोपालराज वंशावलीको यस प्रमाणले सापारू जात्रा कसले र कहिलेबाट प्रचलनमा आएको भन्ने कुरा यकिन नभए पनि कान्तिपुरका राजा प्रताप मल्ल भने यस जात्राको प्रवर्तक होइन भन्ने थाहा पाउन सकिन्छ । राजा प्रताप मल्लले जात्रालाई आवश्यक व्यवस्था र सुधार भने गरेको हुन सक्छ, तर सुरूवात नै भने गरेको होइनन् (ध. राजोपाध्याय, व्यक्तिगत सञ्चार, भाद्र २६, २०८१) ।

प्राचीन तथा मध्यकालीन अभिलेखहरूको अध्ययन गर्दा नेपाली समाजमा प्राचीनकालदेखि नै गाई, साँढेको विशेष महत्व रहेको देखिन्छ । लिच्छविकालदेखि नै धार्मिक, सांस्कृतिक, सामाजिक तथा मनोरञ्जनात्मक पक्ष र प्रोयोजनका हिसाबले पनि गाई, गोरू र साँढेको विशेष महत्व रहेको छ । यी जनावरलाई प्रयोग गरी विभिन्न धार्मिक तथा संस्कृति जात्रा तथा मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन र प्रचलनमा रहेको लिच्छवि अभिलेखले पुष्टि हुन्छ, र साँयात वा सापारू पनि यसै समयदेखी सञ्चालन हुन सक्ने सङ्केत गरिएको छ । तर लिच्छवि अभिलेखमा 'साँयात' नै भनेर उल्लेख भने भएको नपाएकोले साँपारूको प्रचलन कहिलेबाट भएको भन्ने यकिनका साथ भन्न यस अध्ययनले पनि यथावत् नै राखिएको छ ।



*सन् १९७० तिर भक्तपुर दरबार क्षेत्रमा सापारूको दिन तहासाँ साथै नाच्दै ।*
*फोटो स्रोतः अनलाइन सामग्री*

## साँपारूको 'ताहा:साँ' सम्बन्धी फरक बिचार

सनातनी हिन्दु धर्ममा साना किरा फट्याङ्ग्रादेखि ठुलठुला डरलाग्दा सिंह, हात्ती, बाघ जस्ता जनावरहरु पनि सम्मानित र पूज्य हुने गर्दछ (Agoramoorthy, 2009, p. 6) । ती जनावरहरूमध्ये सनातन हिन्दु धर्म र संस्कारमा गाई र साँढेलाई पनि विशेष पवित्र जनावरको रूपमा लिइन्छ, र विशेष पूजाआजा सहित धार्मिक तथा सांस्कृतिक क्रियाकलापमा प्रयोग गरिन्छ । कामधेनु नामले पनि पुकार गरिने गाई सनातनी हिन्दु समाजमा जनावरहरूमध्ये अति पूजनीय मानिन्छ (Agoramoorthy & Hsu, 2012, p. 7) र नेपाली समाजमा, चाहे गाउँघर होस् या सहरी क्षेत्र नै किन नहोस्, गाई र साँढेप्रतिको धार्मिक आस्था र सांस्कृतिक महत्व अझै पनि रहेको छ । हिन्दु ग्रन्थ अनुसार गाई समुन्द्र मन्थन गर्दा बनेको दुग्ध-सागरबाट उत्पत्ति भएको हो, तसर्थ महाभारत काव्यमा भिष्माले "गाईले मानव प्राणीलाई जीवन भर पोसिलो दूध दिने हुनाले जगत्कै एक मात्र साँचो आमा गाई नै हो" भनी वर्णन गरिएको छ (Agoramoorthy & Hsu, 2012, p. 7) । रामायणमा रामले सीतासँग विवाह गर्दा दाइजोको रूपमा धेरै गाई प्रदान गरिएको उल्लेख छ (ग्मतत, द्दण्ण्ढ) । वैदिक कालमा (१५००-९०० ई.पु.) गाईलाई धनको रूपमा पुज्दथे र ऋग वेदमा गाईलाई 'देवी' भनी उल्लेख गरिएको छ (Agoramoorthy & Hsu, 2012, p. 7) ।

साँढे जनावर पनि हिन्दु समाजमा दैवी अवतारको रूपमा मानिने महत्वपूर्ण धार्मिक जीव हो । भगवान् शिवको वाहन तथा कैलाश पर्वतको संरक्षक पनि मानिन्छ । धार्मिक रूपमा साँढे, वसाहा वा नन्दीको नामले प्रचलित शिव-वाहनको मानवीय स्वरूपलाई नन्दिकेश्वर वा नन्दीदेवको रूपमा पनि पूजा गर्ने प्रचलन छ । संस्कृत शब्द 'नन्दी' को अर्थ खुसी, आनन्द र सन्तुष्टि हो, जसले मानव समाजलाई एकीकृत गराई सत्यको मार्ग यात्रा गर्न सचेत गराउँछ । साँढे वा नन्दीलाई भगवान् शिवको वाहन स्वरूप मानिन्छ, र नन्दी चार खुट्टामा बसेको स्थिरताको प्रतीक हो, जुन चार खुट्टाले सत्य, धर्म (कर्तव्य), शान्ति र प्रेमको प्रतिनिधित्व गर्दछ । मानव जीवनले यी चार प्रतीकको पालनले मात्र मुक्ति अनुग्रह गर्न सकिन्छ र अन्ततः आत्मा परम ईश्वरसँग समाहित हुन सक्छ (Exotic India Art, 2022) । शिव नै परमात्मा वा परम ईश्वर हुन्, र परमात्मासँग मिलन गराउने कार्य नन्दी या साँढेले गर्दछ ।

साँढे अथवा नन्दीलाई विभिन्न ग्रन्थहरूमा वृष वा वृषभ को रूपमा पनि उल्लेख गरिएको छ । महाभारतको श्लोक १३, १४, २७५ मा तथा रामायणमा विशेष महत्वका साथ वृषभको वर्णन गरिएको छ (Bhattacharya, 1977, p. 1545) । गरूड पुराण तथा पद्मपुराण जस्ता धार्मिक ग्रन्थहरूमा पनि वृषभ उत्सर्ग तथा यात्राको बारे उल्लेख भएको छ । यस अर्थ हिन्दु सनातन धर्ममा साँढेको महत्व पौराणिक युग देखी नै रहेको यकिन गर्न सकिन्छ । यी धार्मिक ग्रन्थका अनुसार वृषभ दान किन गरिन्छ भन्ने प्रश्न महत्वपूर्ण रहेको छ, जसले साँपारूको तथ्य उजागर गर्न मद्दत गर्छ ।

गरूड पुराणमा कोही व्यक्तिको मृत्यु पश्चात् मृतात्माको मुक्तिका लागि गरिनु पर्ने विभिन्न धार्मिक कार्य व्यवस्था वर्णन गरिएको छ । संक्षिप्त गरूड पुराणमा उल्लेख भए अनुसार जीवनभर जानेर वा नजानेर गरिएका पापहरूबाट मुक्त हुन प्रयाश्चित गरी ब्राह्मणलाई दश प्रकारका दान गर्नुपर्ने उल्लेख गरिएको छ । दश-दानको बारे निम्न रूपले उल्लेख छः

**गोभूमितिलहिरण्यज्यावासोधान्यगुडास्था ।**
**रजतं लवणं चैव दानानि दश व्र विदुः ॥**

यसरी गो अथवा गौ, भूमि, तिल, हिरण्य, घृत, वस्त्र, धान्य, गुड, रजत र लवण गरी दश वटा प्रकृतिका जीव वस्तु दान गरी पापमुक्त हुने उल्लेख छ । त्यसमध्ये गौ अथवा गाई दान गर्नाले मृत्यु पश्चात् यमद्वारसम्म पुग्ने मार्ग रगत र दिसायुक्त दुर्गन्धित रहेको र साथै त्यो मार्ग जान यमद्वारको मार्गमा आउने वैतरणी नदी पार गर्न वैतरणी गाईको रूपमा भूमिका खेलेको हुन्छ । गरूड पुराण अनुसार :

**नदीं वैतरणीं तर्तु दद्याद्वैतरणीं च माम् ।**
**कृष्णस्तनी सकृष्णाङ्गी सावै वैतरणी स्मृता ॥**

अर्थात, जुन गाईको सर्वाङ्ग शरीर तथा स्तन कालो हुन्छ, त्यस्तो गाईलाई दानयोग्य वैतरणी-गाईको रूपमा लिइन्छ (संक्षिप्त गरूड पुराण, २०७६, पृ.४६३) । तर मृतात्माको मुक्तिका लागि भने श्राद्ध र दान मात्र गरेर नहुने र अनिवार्य तीर्थमा गई वृषभ उत्सर्ग गरिनु पर्ने वा अश्वमेध महायज्ञ गरे पनि हुने तथा प्रेत-आत्माको सांसारिक मुक्तिका लागि अन्य कुनै प्रक्रिया नभएको उल्लेख छ (संक्षिप्त गरूड पुराण, २०७६, पृ. ४६४) । गरूड पुराणको २।१८।८ मा *'वृषोत्सर्गस्य पुण्येन पितृलोकं स गच्छति ।'* उल्लेख भएको छ । यस वाक्यांश अनुसार मृतकको नाममा वृष उत्सर्ग वा साँढेलाई धार्मिक तवरले विधिवत रूपमा छोडे मृतकलाई पितृ लोक प्राप्ति हुन्छ (मुनंकर्मी, २०७५, पृ. ४४२) । समाजमा विभिन्न समुदायले यस संस्कार मृतकको नाममा प्रेतात्माबाट मुक्ति प्राप्तिको लागि गर्नै पर्ने एक महत्वपूर्ण संस्कार सिद्ध हुन्छ ।

वृषभ उत्सर्गको लागि ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रको लागि क्रमशः श्वेत (सेतो), लोहित (रातो), पीत (पहेँलो) र कृष्ण (कालो) वर्णको शुभ लक्षण भएको साँढेलाई तीर्थमा छोड्न लानु पर्दछ । यस्तो वृषोत्सर्ग गर्दा पहिला साँढेलाई ४ वा २ वा १ गाईसँग विधि विधान सम्पन्न गरी विवाह गराई उत्सर्ग कार्य सम्पन्न गरिनु पर्दछ । साँढेलाई छोड्नुभन्दा अघि साँढेको दायाँ काँधमा त्रिशूलको चिन्ह र बायाँ तिघ्रामा चक्रको चिन्ह अग्नि छाप डामेर धूप, फूल र अक्षताले पूजा गरी विधिवत् रूपमा बन्धन मुक्त गरिए मृतात्मा मुक्त हुने गर्दछ (संक्षिप्त गरूड पुराण, २०७६, पृ.४८४-४८५) । धनेशराज राजोपाध्याय (वर्ष ५३) का अनुसार मृतकका नाममा सामान्यतया ४५ औँ दिनमा तथा कसैले १२ औँ दिनमा सपिण्डी श्राद्ध अर्थात लत्या गर्ने चलन रहेको छ । लत्याको एक दिन अगाडि अर्थात ४४ औँ दिनमा वा ११ औँ दिनमा (नमिल्दो तिथि परे लत्या कै दिन) वृषोत्सर्ग सम्पन्न गरिनु पर्दछ । यस क्रममा विशेष यज्ञ सम्पन्न गरी उक्त यज्ञमा घाउ-खोट नभएको, लक्षीणी, शारीरिक सम्पर्क नभएका, पेटमा सेतो कपाल भएको, पुच्छर तान्दा मुखसम्म पुगेको गाई र साँढेको गो विवाह सम्पन्न गरी गाई ब्राह्मणलाई दान गरेर वृष वा साँढेलाई

खुल्ला छोड्न पठाउनु पर्दछ (ध. राजोपाध्याय, व्यक्तिगत सञ्चार, भाद्र २६, २०८१)। यस प्रक्रिया पश्चात् मात्र मृतात्माले मुक्ति प्राप्त गरी परमात्मासँग लीन हुन सक्छ भन्ने विश्वास गरिन्छ ।

वृषोत्सर्ग संस्कार गर्दा मृतात्माको नाममा छोड्ने साँढेलाई दिनभरी खान पुग्ने गरी घाँस भएको वा घाँस उम्रिने जग्गा पनि दान गरिनु पर्दछ, जसलाई नेवाः समुदायमा ***भुलाँचा*** भनिन्छ । कतिपय भुलाँचा भएको स्थानमा साँढेको मूर्ति पनि राखिएको हुन्छ । उदाहरणको रूपमा भक्तपुरको सूर्यविनायक स्थित भुलाँचा भन्ने स्थानमा पूर्व फर्केको साँढे अझै पनि रहको छ (ध. राजोपाध्याय, व्यक्तिगत सञ्चार, भाद्र २६, २०८१)। मृतकको स्मृतिमा वृषोत्सर्ग गर्दा ' ***यत्रतत्र विजायन्ते, तत्रतत्र सुखी भव***' सङ्कल्प वाक्य उच्चारण गरी साँढेलाई खुल्ला छोड्ने गरिन्छ, जसको अर्थ साँढे जहाँ गए पनि सुखी रहनु भन्ने जानिन्छ । कालान्तरमा यसरी जग्गा छोड्नु र मृतकका नाममा पूजा विधि सम्पन्न गर्नु बढी खर्चिलो र झन्झटिलो हुने भएका कारण यस कार्यमा अत्यधिक कमी आएको छ । साथै वृषोत्सर्गमा छोडिएको साँढे कसैले समातेर त्यसलाई खेती कार्य वा अन्य कुनै कार्यमा प्रयोग गरिएमा पनि वृषोत्सर्ग गर्ने व्यक्तिलाई नै पाप लाग्ने शास्त्रमा उल्लेख छ (ध. राजोपाध्याय, व्यक्तिगत सञ्चार, भाद्र २६, २०८१) । यस कारणले पनि सपिण्डी श्राद्ध वा लत्याको अघिल्लो दिन वृषोत्सर्ग संस्कार यथावत् राखेर नागरिक तहको प्रयासबाट नै वर्षको एक दिन संयुक्त रूपमा साङ्केतिक तवरले वृषोत्सर्ग सम्पन्न गर्ने सुरुवात भएको सङ्केत मिलेको छ ।

नेपालका नेवाः समुदाय, विशेष गरी भक्तपुरका नेवाः समुदायमा सापारूको अघिल्लो एक वर्षभित्र मृत्यु भएका मृतकको नाममा साँचा वा ताहाःसाँ बनाएर भक्तपुर सहर परिक्रमा गराउने प्रचलन छ, र त्यस ताहाःसाँको खोलामा लगेर विसर्जन गरिन्छ । यस क्रियाकलापको एक मात्र उद्देश्य मृतात्मालाई यस सांसारिकबाट मुक्तिको मार्गतिर उन्मुख गर्नु नै हो । भक्तपुरमा नेवाः समुदायमा मृतक परिवारले ताहाःसाँ निर्माण गरी भक्तपुर नगर परिक्रमा गराउनुपूर्व नेवाः पुरोहित बोलाई पूजाविधि सम्पन्न गर्ने वा माइती पर्ने छोरीले विशेष पूजा गरी ताहाःसाँ नगर परिक्रमाको सुरुवात गरिएको हुन्छ । ताहाःसाँ निर्माण नगरी कालो माटोले नन्दिसाँढेको आकृतिको निर्माण गरी पनि घुमाइन्छ भने साना बालबालिकालाई महादेव पार्वती, राधाकृष्णको स्वरूपमा पनि सजावट गरेर नगर परिक्रमा गरी घुमाउने परम्परा रहेको छ । तर यी सबै तरिकामा एउटा समानता साँपा वा साँपा ख्व को प्रयोग हुन्छ, जुन अनिवार्य रूपमा राख्नु पर्दछ, र परालले बुनेको सिङ पनि अनिवार्य वस्तु हो ।

साँपारू जात्राका क्रममा निर्माण गरिने ताहाःसाँ उल्लेखित पुराण, ग्रन्थ तथा ताहाःसाँमा प्रयोग गरिएको वस्तुहरु र त्यसको प्रोयोजनहरूको आधारमा ताहाःसाँ के को प्रतीक हुन त ? गाई ? या साँढे ? यो प्रश्न यहाँ महत्वपूर्ण विषयको रूपमा खडा भएको छ । नेवाः समुदायमा मृत्यु संस्कारहरु अन्तर्गत गाई तथा साँढेको कति महत्व छ र त्यसको साङ्केतिक प्रोयोजन केका लागि गरिएको हुन्छ, भन्ने कुराको व्यावहारिक पक्षको अध्ययनको जरूरी रहेको छ ।

विभिन्न ग्रन्थमा उल्लेख भए अनुसार र श्राद्ध परम्परा अनुसार मासाँ (गाई) लाई दान दिने प्रचलन रहेको छ भने द्वसाँ (साँढे) लाई उत्सर्ग गर्ने वा छोड्ने परम्परा रहेको छ । कूर्म पुराणमा '***न करोति वृषोत्सर्ग सतीर्थे वा जलाञ्जीन् .......' अर्थात 'वृषोत्सर्ग वा जल नचढाएमा....'*** भनी उल्लेख भएको छ । त्यस्तै गरूड पुराणको प्रेत काण्डको १३।८ मा '***एकादशाहे प्रेतस्य यस्य नोत्सृज्यते वृषः । प्रेतत्वं सुस्थिरं तस्य दत्तैः श्राद्धशतैरपि***' अर्थात कसैको मृत्यु भएमा मृत्यु भएको एघारौं दिनपछि एउटा साँढे दान गरिनु पर्दछ, नगरिए सयौँ श्राद्ध गरे पनि मृतकको प्रेतले मुक्ति पाउन सकिँदैन (मुनंकर्मी, २०७५, पृ. ४४१) भनी उल्लेख भएको छ । नेवाः समाजमा स्वर्ग–नर्कको व्यापक मान्यता भएको हुनाले हरेक परिवारका सदस्यले आफ्नो मृतक सदस्यको स्वर्ग र वैकुण्ठ बासको लागि विभिन्न मृत्यु संस्कार सम्पन्न गर्ने क्रममा वृषोत्सर्ग पनि सम्पन्न गरिने अनिवार्यता रहेको छ, र गरिन्छ पनि । पुराण अनुसार वृषोत्सर्ग नै मृतकको मुक्तिको लागि गरिनु पर्ने महत्वपूर्ण संस्कार रहको उल्लेख गरिएको छ । तर नेवाः परम्परामा पुराण तथा शास्त्रमा उल्लेख भएको विधि सम्भव नभएकोले यसको सट्टा पद्म पुराण र बौद्ध तन्त्रमा आधारित भएर सापारूको दिन ताहाःसाँ बनाई देश घुमाएर वृषोत्सर्ग गर्ने परम्परा सम्पन्न गर्दै आई रहेको छ (मुनंकर्मी, २०७५, पृ. ४४१) । यस आधारमा पनि ताहाःसाँ गाई नभएर महादेवको वाहन साँढेको प्रतीक भएको बुझ्न सकिन्छ ।

ताहाःसाँको निर्माणको क्रममा ताहाःसाँको माथिल्लो भागमा परालले बनाएको सिङ स्थापना गरिन्छ । उक्त सिङ गाईको जस्तो सामान्य रूपको सानो नभएर उग्र भावको ठुलो हुन्छ, जुन साँढेको विशेषतासँग मिल्छ । साथै पराल भैरवको प्रतीक पनि हो । भगवान् शिवको वाहन साँढेलाई ताहाःसाँको स्वरूप दिएर त्यसमा मृतात्माको अंश स्थापित गरी नगर परिक्रमा गराएर अन्तिम क्षणमा साँढेको प्रतीक ताहाःसाँलाई उत्सर्ग गर्न तीर्थ वा खोलामा विसर्जन गरिन्छ । ताहाःसाँको प्रारम्भिक यात्रा भक्तपुर दरबारको तलेजुबाट भद्रकालीको ताहाःसाँ र घिन्ताङगीसी नाच सहित सापारूको अघिल्लो दिन अर्थात जनै-पूर्णिमाको दिन भक्तपुर नगरको प्रदक्षिणा परिक्रमा गराई वृष उत्सर्गको सुरुवात भएको सङ्केत गरिन्छ । साथै भक्तपुरको गःहितबाट सहितको परालले मात्र बनेको ताहाःसाँ पनि निकालिन्छ, जुन भैरवनाथको प्रतीक मानिन्छ । भद्रकाली शिवसंगम पार्वतीको अवतार हो र भैरवको मूल प्रतीक महादेव हो, र उनको वाहन साँढेलाई ताहाःसाँको स्वरूप दिएर नगर परिक्रमा गराइन्छ । मृतक आत्माको चिर शान्ति तथा मुक्तिको लागि वृषभ अथवा साँढेरूपी ताहाःसाँले नै जीवनचक्रबाट मुक्त गराई परम् ईश्वरमा विलीन गराउन सहयोग गराउने शास्त्रमा उल्लेख भए अनुसार नै ताहाःसाँमा परालको प्रयोग गरिएको हो, जुन भगवान् शिवको प्रतीक हो ।



*साँपा ख्वाः । फोटो स्रोतः अनलाइन सामग्री*

साँपारूमा ताहाःसाँ निर्माणको क्रममा साँपा ख्व अर्थात गौ/वृषभको मुखाकृति चित्राङ्कीत हातले बनाएको छापा पनि राखिन्छ । उक्त छापामा विभिन्न प्रकारका रङ्गहरु प्रयोग गरी साँपा ख्वको चित्र निर्माण गरिएको हुन्छ । यस छापामा सिङ भागमा निलो रङ्गले भरिएको हुन्छ, जुन भगवान् शिवको नीलकण्ठको प्रतीक हो । भगवान् शिवले समुन्द्र मन्थनबाट निस्केको हलाहल विषको सेवन गरेपछि घाँटी निलो भएको भावको प्रतीकको रूपमा यसलाई लिइन्छ । शिवको चित्र निर्माण गर्दा नीलकण्ठको प्रतीकको रूपमा पुरै शरीरमा पनि निलो रङ्ग प्रयोग गरिन्छ । ताहाःसाँको निर्माणमा सिङको विशेष महत्व रहेको छ । परालले निर्मित सिङ र साँपा ख्वको निलो सिङ दुवैले भगवान् शिव तथा महादेवप्रति सङ्केत गरिएको छ । उक्त सिङ र साँपा ख्वलाई नगर प्रदक्षिणा परिक्रमापछि पुराण तथा धार्मिक ग्रन्थमा उल्लेख भएसरी नै मृतात्माको मुक्तिका लागि खोला वा पोखरी (तीर्थ) मा उत्सर्ग गरिन्छ । यी तथ्यहरूलाई विचार गर्दा सापारूमा निर्माण गरिने ताहाःसाँ गाई नभई, महादेवको वाहन वृषभ वा साँढेको प्रतीक हो भन्ने यकिन गर्न सकिन्छ ।

## निष्कर्ष

नेपाली जनजीवनमा 'गाईजात्रा' शब्दले सम्बोधन गरिने 'सापारू' वा 'साँपारू' वा 'साँया' जात्रा नेवाः जनजीवनमा मृतात्माको सम्झनामा अनिवार्य गरिनु पर्ने एक महत्वपूर्ण संस्कार हो । यो संस्कार सम्पन्न नगरिए मृतकको आत्माले मुक्ति नपाउने र यो संसारमै भौतारिरहने मान्यता भएका कारण सापारूमा ताहाःसाँ निकालेर नगर प्रदक्षिणापथ यात्रा गराई उत्सर्ग गर्ने कार्य गरिन्छ । मृतक व्यक्तिको परिवारका सदस्यहरूद्वारा धार्मिक विधिपूर्वक यो संस्कार सम्पन्न अनिवार्य रूपमा गरिनु पर्दछ । यस्तो महत्वपूर्ण जात्राको ऐतिहासिकता खोतल्दा नेपाली समाजमा मध्यकालीन कान्तिपुरका राजा प्रताप मल्लले सुरू गरिएको मानिए तापनि गोपालराज वंशावलीको आधारमा चौधौँ शताब्दी अघिसम्म पुग्न सकिन्छ । गोपालराज वंशावलीको रचनाकाल (चौधौँ शताब्दी ई.) अघि नै नेपालमा, विशेष गरी नेपाःमण्डलमा सायात वा सापारूको प्रचलन चलिसकेको यकिन गर्न सकिन्छ । किनकी पौराणिककाल तथा लिच्छविकालमै पनि गाई र साँढेलाई दैनिक जनजीवन तथा धार्मिक-सांस्कृतिक क्रियाकलापमा विशेष स्थान प्रदान गरिएको कुरा विभिन्न पुरातात्विक, ऐतिहासिक तथा साहित्यिक स्रोतहरूबाट थाहा पाउन सकिन्छ । यसरी गाई तथा साँढे सम्बन्धी कुनै जात्रा निश्चित रूपले चलेको हुसक्ने तर्फ संङ्केत गरिएको छ ।

साँपारू जात्रा प्राचीनकालदेखि नै मृतकको सम्झनामा सम्पन्न गर्दै आएको एक महत्वपूर्ण जात्रा हो, जुन वर्तमान समयसम्म पनि त्यति नै महत्वका साथ मनाइने गरिन्छ । तर प्रश्न चाहिँ सापारूमा निर्माण गरिने साँचा तथा ताहाःसाँ सामान्य नेपाली समाजमा प्रचलित भए जस्तै 'गाई' नै हो त, जसले मृतात्मालाई वैतर्नी नदी पार गर्न सहयोग गरी वैकुण्ठबास गराउँदछ ? यो प्रश्न महत्वपूर्ण छ । यस प्रश्नलाई गहन मनन गर्दै विभिन्न पुराण, ग्रन्थ तथा वर्तमान समयमा ताहाःसाँको निर्माण र त्यसको प्रयोगका व्यवहारिकतालाई मध्यनजर गर्दा उपर्युक्त जात्रा 'गाई' सँग सम्बन्धित नभई, 'साँढे' र शिवसँग सम्बन्धित जात्रा हो भन्ने यकिन गर्न सकिन्छ । उदाहरणको लागि गरूड पुराणमा मृतकको नाममा गाई दान र साँढे छोड्ने वा वृषभ उत्सर्गको छुट्टाछुट्टै व्यवस्था उल्लेख गरिएको छ । उक्त व्यवस्था अनुसार गाई दान गर्दा यमद्वारसम्म पुग्ने मार्गमा आउने विभिन्न बाधा हटाई वैतरणी नदी पार गर्न भूमिका खेलेको हुन्छ भने प्रेतात्माको सांसारिक मुक्तिका लागि वृषभ उत्सर्ग बाहेक अन्य कुनै धार्मिक प्रक्रिया नभएको उल्लेख गरिएको छ । यज्ञ मार्फत गाई दानले पनि मृतात्मालाई मुक्ति प्राप्ति नहुने भएकोले वृषभ उत्सर्ग अनिवार्य गर्नैपर्ने एक महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक मान्यता रहेको उल्लेख गरिएको छ । यदि मृतकको नाममा वृष उत्सर्ग नगरिए पितृलोक प्राप्त नहुने र सयौँ दान तथा श्राद्ध गरिए पनि मृतकको प्रेतले मुक्ति नपाउने उल्लेख छ । पौराणिककालदेखि नै प्रचलनमा आएको मृतकको नाममा वृषभ उत्सर्ग गर्ने संस्कृतिमा क्रमिक कालखण्डसँगै परिवर्तनहरु आएको छ । तर परिवर्तित चलन नै भए पनि वर्तमान समयमा नेवाः समाजमा मृतकको सम्झना र सम्मानमा वृषोत्सर्ग गर्ने प्रचलन महत्त्वपूर्ण संस्कृतिको रूपमा कायम नै रहको छ ।

विशेष गरी भक्तपुर सहरका नेवाः समुदायमा भाद्रकृष्ण प्रतिपदा अर्थात सापारूको दिन अघिल्लो वर्षको सापारूपछि वर्षभरिमा मृत्यु भएका मृतकको सम्झनामा ताहाःसाँ बनाएर नगर प्रदक्षिणा पथ परिक्रमा गराई तीर्थमा लगी उत्सर्ग गर्ने वा छोड्न जाने परम्परा रहेको छ । जुन पुराण तथा ग्रन्थहरूमा वर्णित व्यवस्था अनुरूप नै सम्पन्न गरिएको छ । यस प्रक्रिया मृतकको मृत्यु भएको ११ औँ र ४४ दिनमा अर्थात सपिण्डी श्राद्धको अघिल्लो दिन वृषोत्सर्ग गर्ने परम्परामा विभिन्न आर्थिक, सामाजिक, धार्मिक कठिनाइ रहेको हुनाले कालान्तरमा नेवाः समाज भित्र वर्षको एक दिन अर्थात भाद्रकृष्ण प्रतिपदाका दिन सबैले वर्षभरि मृत्यु भएका व्यक्तित्वहरूको सम्झनामा ताहाःसाँ निकाल्ने व्यवस्था सुरू भएको देखिन्छ । तर यस अवस्थामा पनि पुराण तथा शास्त्रमा उल्लेख भए अनुसार वृषोत्सर्गको परम्परालाई साङ्केतिक रूपमा वर्तमान समयसम्म प्रचलनमा ल्याइरहेकै छ । साङ्केतिक रूपमा निर्माण गरिएको ताहाःसाँमा प्रयोग गरिने परालको सिङ, साँपा ख्व (छापा) मा देखाइने सिङ निलो

वर्णको प्रस्तुत गर्नु, ताहाःसाँ को अगाडि बाजागाजा सहित शिवको गणको रूपमा नाच्नु, सापारूको अघिल्लो दिन अर्थात जनै पूर्णिमाको दिन भक्तपुरको तलेजुबाट ल्याउने भद्रकालीको ताहाःसाँ, सापारूको अन्तिममा साँपा ख्व सहितको पूर्ण परालले निर्मित भैरवनाथको प्रतीकको रूपमा अजङ्गको ताहाःसाँ जस्ता सङ्केतले सापारू भगवान् शिवसँग सम्बन्धित जात्रा हो भन्ने विदित गराउँदछ । त्यस्तै पुराणमा उल्लेख भएजस्तै नै ताहाःसाँको मुख्य भाग सापा ख्व र परालले निर्मित सिङ तीर्थमा लगेर उत्सर्ग गर्ने परम्परा पनि विद्यमान रहेकै छ, जसले ताहाःसाँ गाई नभई वृष अथवा साँढेको प्रतिकात्मक संरचना हो भन्ने पुष्टि हुन्छ ।

प्रस्तुत विभिन्न तथ्यहरु हेर्दा नेवाः समाजमा प्रचलित 'साँ' शब्दले गाई र साँढे/गोरू दुवै गौ-लिङ्ग जनाउने हुँदा साँपारूलाई नेपाली भाषामा लिप्यन्तरण गर्दा नेपाल भाषाको शब्द साँपारू र साँपारूमा गरिने व्यावहारिक क्रियाकलापहरूको अर्कै अर्थ लाग्न गएको छ । नेवाः समाजको व्यावहारिकतामा प्रचलित सापारूको क्रियाकलाप तथा धार्मिक पुराणहरूको आधारहरु समग्र अध्ययन गर्दा साँपारू गाईसँग असम्बन्धित जात्रा भएको पुष्टि हुन आउँछ । साँपारू र गाईजात्रा शब्द भाषिक अनुवादको बेमेल अर्थ दिने एक प्रतिनिधि उदाहरण मात्र हो, यस्ता उदाहरणहरु धेरै रहेको पाइन्छ । तसर्थ कुनै समुदायगत स्थानीय भाषा तथा राष्ट्रिय भाषालाई अर्को कुनै भाषामा अनुवाद गरी प्रचलनमा ल्याउँदा विशिष्ट शब्दहरूको गहन अध्ययन आवश्यक रहेको छ, जसले सही अर्थ प्रत्याभुति गर्न सकियोस् । साँपारू पनि नेपाल भाषाबाट नेपाली भाषामा उल्था हुँदा फरक अर्थ आएकोले साँपारूको ताहाःसाँ शब्दको वास्तविक सङ्केत के हो ? ताहाःसाँको महत्व के रहेको छ ? तथा नेवाः समुदायमा मृतकको मुक्तिका लागि ताहाःसाँ किन अनिवार्य छ ? भन्ने तथ्यहरूमा फरक र गलत अर्थ नै आएको देखियो । तसर्थ, सापारूमा निर्माण गरिने ताहाःसाँ गाईको प्रतीक नभएको र सापारू गाईसँग सम्बन्धित जात्रा नभएको सापारूको व्यवहारिकता र पुराणहरूको आधिकारिकताले यकिन गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री सूची


गाईजात्राः इतिहास के छ ? किन मृत्युको गणना गर्ने जात्रा भनिन्छ < (2021, July 19). BBC News Nepali. https://www.bbc.com/nepali/news-57639897s

जोशी, हरिराम (२०६०), नेपालका चाडपर्व, जोशी रिसर्च इन्स्टिच्यूट ।

मुनंकर्मी, लिलाभक्त (२०४३), हाम्रा सांस्कृतिक पर्व तथा जात्राहरू, दयारत्न शाक्य ।

मुनंकर्मी, पूर्णराम (२०७५), नेवाः संस्कारय् अन्त्येष्ठि विधि व पितृमोक्ष, मुनंकर्मी समाज ।

राजवंशी, लक्ष्मण (२०६५), नेवा संस्कृति म्हासिक, नागर्जुन पब्लिकेशन प्रा.लि.।

वज्राचार्य, धनवज्र (२०३०), लिच्छविकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान ।

संक्षिप्त गरूडपुराण (२०७६), गीता प्रेस ।

Agoramoorthy, Govindasamy. 2009. Wildlife Issues and Crisis in a Changing World: A naturalist's 25 years of jungle journey in Africa, South America and Asia. Daya Publishing House

Agoramoorthy, G., & Hsu, M. J. (2012). The significance of cows in Indian society between sacredness and economy. Anthropological Notebooks, 18(3), 5-12.

Bhattacharya, G.(1977), "Nandin and Vṛṣabha", Zeitschrift der

Dutt, R. (2009). The Ramayana and Mahabharata. Evinity Publishing Inc.

Deutschen Morgenländischen Gesellschaft, III(2), 1543–1567.

Exotic India Art. (2022, November 12). What is the significance of Nandi? (2022, November 12). Indian Artwork - Buddha Statues & Hindu Books - Exotic India Art. https://www.exoticindiaart.com/blog/what-is-the-significance-of-nandi/

Levy, R. I. (1992). Mesocosm: Hinduism And The Organization Of A Traditional Newar City In Nepal. Motial Banarasidass Publishers Private Limited.

Vajracharya, D. B., & Malla, K. P. (1985). The Gopalrajvamsavali. Franz Steiner Verlag Wiesbaden Gmbh.